उनीहरूबाट चोरिएका केही सामग्री बरामद गरिएको जानकारी दिँदै प्रहरीले मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद् २० अन्तर्गत चोरी तथा डाँकासम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी प्रहरी वृत्त महाराजगञ्जबाट थप अनुसन्धान भइरहेको जनाएको छ ।

### आगजनीमा संलग्न ६ जना पक्राउ

यातायात मजदुरको आन्दोलनका क्रममा प्रहरीको भ्यान, प्रहरी बिट तथा ट्राफिक आइल्याण्ड तोडफोड गरी आगजनी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा छ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा उदयपुरका विक्रम राई, नुवाकोटका रामहरि भण्डारी, लमजुङका विवेक श्रेष्ठ, काभ्रेपलाञ्चोकका राजेश तामाङ, प्युठानका एक १८ वर्षीय किशोर र काभ्रेपलाञ्चोककै आशिष खड्का रहेका छन् ।

गत सोमबार बालाजुस्थित माछापोखरी चोकमा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, नेपाल यातायात मजदुर संघ र अखिल नेपाल यातायात मजदुर संघका यातायात व्यवसायीहरूले ट्राफिक कारबाहीको विषयलगायत विभिन्न १० बुँदे माग राखी विरोध प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा दुईवटा प्रहरी भ्यान र माछापोखरीस्थित प्रहरी बिटमा आगजनी गर्नुका साथै माछापोखरीचोकमा रहेको ट्राफिक आइल्याण्डमासमेत तोडफोड र आगजनी गरेको थियो ।

## फौजदारी मुद्दा...

पृष्ठ १ बाट जारी

कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले पुर्पक्षका लागि थुनामा गएपछि सांसदलाई निलम्बन गर्नुपर्ने प्रस्ताव बैठकमा राखे । अदालतले थुनामा पठाए निलम्बन गर्ने प्रस्तावको पक्षमा सबै दल उभिनुपर्नेमा उनको जोड थियो । 'हामी एक ठाउँमा रहने कोसिस गरौं । कसैले अपराधीलाई बचाउन खोजेको जस्तो देखियो,' बैठकमा उनले भने, 'कसैले अपराधीलाई जेल हाल्न खोजेजस्तो देखियो ।'

अदालतले पुर्पक्षका लागि थुनामा पठाउने भनेको तीन वर्षभन्दा बढी सजाय हुन सक्ने मुद्दामा मात्र हो । त्यही भएको हुँदा सांसदलाई निलम्बन नगर्दा जनतामा राम्रो सन्देश नजाने उनको तर्क थियो । तर, उनको प्रस्तावमा अर्धन्यायिक निकायले थुनामा पठाउँदा भने निलम्बन गर्न नहुने पनि उल्लेख छ । अर्धन्यायिक निकाय भनेका जिल्ला प्रशासन, वन, भन्सार, सम्पति शुद्धीकरणलगायत हुन् । यी निकायहरूले थुनामा पठाएको अवस्थामा भने सांसद पद कायमै हुनेगरी लेखकले बैठकमा प्रस्ताव गरे ।

कानुनविद्हरूका अनुसार हत्या, बलात्कारजस्ता अपराध भ्रष्टाचारभन्दा पनि जटिल प्रकारका फौजदारी मुद्दा हुन् । जसकारण आरोपी सांसद हिरासतमा रहेदेखि नै स्वतः निलम्बन हुने व्यवस्थाको पक्षमा कानुनविद्हरू उभिँदै आएका छन् । यहीबेला प्रतिनिधिसभा नियमावलीमा यो विषयलाई दलहरूले सम्बोधन गरेका हुन् ।

एमाले सांसद सुवासचन्द्र नेम्बाङले गम्भीर प्रकृतिका मुद्दामा अदालतले पुर्पक्षका लागि थुनामा पठाउने निर्णय गरेका सांसद पद निलम्बन हुने प्रस्तावको पक्षमा उभिएको बैठकमा बताए । जनताले पनि फौजदारी आरोप लागेका सांसदलाई बचाउने को ? भन्दै देशवासीले हेरिरहेको पनि उल्लेख गरे ।

'अहिले सिंगो देशले हामीलाई हेरिरहेको छ । बाहिर त सांसदलाई बचाउने को हुन् ? निलम्बन गर्न नदिने को हुन् ?,' नेम्बाङले भने, 'को नरम निलम्बनको पक्षमा छन्, को छैनन् भनेर हेरिरहेका छन् ।'

उनले कुनै सांसदलाई अन्याय भएको जस्तो लागे प्रचलित कानुनअनुसार न्यायिक उपचारमा जानुपर्ने तर्क गरे । त्यस्तो अवस्थामा पनि निलम्बन भने कायमै राख्ने पक्षमा नेम्बाङ छन् । निलम्बन भने जिल्ला, उच्च र सर्वोच्च अदालतले पुर्पक्षका लागि थुनामा पठाएको अवस्था मात्रै हुनुपर्ने उनको मत छ ।

यसअघि एमाले सांसदहरू फौजदारी अपराधको आरोपमा पुर्पक्षमा कुनै सांसद थुनामा गए पनि पद निलम्बन गर्न नहुने पक्षमा थिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JUKEN TECHNOLOGY ENGINEERING SB.

पूर्व स्वीकृति मिति २०७९/०६/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/03 LT. No. 271553 चलानी नं. ६०१८८२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 4 | 1500 | ४५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHALHOUB TRANSPORTATION CO.

पूर्व स्वीकृति मिति २०७८/०८/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/03 LT. No. 276583 चलानी नं. ६०१९२१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELECTRICIAN TECH | 1 | 0 | 1500 | ५४,६२० | | | | | | | |
| 3 | HEAVY VEHICLE DRIVER | 1 | 0 | 2200 | ८०,१०५ | | | | | | | |
| 4 | PAINTER | 2 | 0 | 1500 | ५४,६२० | | | | | | | |
| 5 | WELDER | 1 | 0 | 1500 | ५४,६२० | | | | | | | |

कम्पनी : SAHEM AL-ENJAZ EST FOR TRANSPORT

पूर्व स्वीकृति मिति २०७९/०७/२८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/03 LT. No. 275550 चलानी नं. ६०१९१२८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1500 | ५३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३ रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४, ९८२६२७५७७०



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIME FM BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति २०७९/११/०३ LT. No. 280987 चलानी नं.६०१९१४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 900 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 10 | 0 | 900 | ३२,४९० | | | | | | | |
| 3 | Plumber | 1 | 0 | 900 | ३२,४९० | | | | | | | |
| 4 | Reinforcing Fitter Assistant | 4 | 0 | 900 | ३२,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Race International Human Resource Pvt.ltd**
**(Purav Overseas Pvt.ltd.)**
Kathmandu N.P.-9,Gaushala, Kathmandu
Tel :1-4492375/4496173
श्रम ईजाजत नं. १०५५/०७३/०७४



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ADWA CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति २०७९/११/०२ LT. No.281037 चलानी नं. ६०१९६५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker (Female) | 0 | 9 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AUFQ ALKHAIR FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/११/०३ LT. No. 281143 चलानी नं. ६०१९६६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 30 | 0 | 1000 | ३५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७



## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REDZA SECURITY SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१०/03 पुन विज्ञापन स्वीकृति मिति २०७९/११/03 LT. No. 279414 चलानी नं. ६०१९५०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RADAR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/03 LT. No. 275775 चलानी नं. ६०१९१७३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SECURI-PRO PROTECTION & SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०७९/११/03 LT. No. 281077 चलानी नं. ६०१९६६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL MOUFID COMPANY HOSPITALITY AND CLEANING AND GENERAL SERVICES WLL

पूर्व स्वीकृति मिति : २०७९/११/०२ LT. No. 281006 चलानी नं. ६०१९६५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1700 | ६१,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner | 10 | 0 | 1000 | ३६,४१० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति: २०७९/११/०३ LT. No.281102 चलानी नं. ६०१९६५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labour | 100 | 0 | 1000 | ३५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ११ गते (23rd Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWA HUMAN RESOURCE COMPANY

पूर्व स्वीकृति मिति: २०७९/१०/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/03 LT. No.279758 चलानी नं. ६०१९५२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMIX COMPANY READY MIX

पूर्व स्वीकृति मिति : २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/03 LT. No. 278862 चलानी नं. ६०१९४३१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 6 | 0 | 1800 | ६३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १४ गते (26th Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४


## मेलम्ची नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मेलम्ची, सिन्धुपाल्चोक

## बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

प्रकाशित मितिः २०७९/११/०४

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु.(मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/NCB/2079-80/17. | Maintenance of Thulo Thakani Ma.Bi.school and Toilet at Melamchi Mun-04 | M/S Shubharambha Engineering Construction And Consultant Private Limited Melamchi -06 Sindhupalchok | NRS. 2291929.42 |
| 2 | MMSI/WORKS/NCB/2079-80/26 | Construction of Water supply Scheme at Melamchi Mun-03. | M/S Chchhorolpa Construction and Suppliers (P) Ltd. Lokanthali Bhaktapur | NRS. 37,31,668.75 |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सांसद पद निलम्बनमा सकारात्मक सहमति

संसद् भनेको कानुन निर्माण गर्ने थलो हो । मुलुकका लागि आवश्यक ऐन कानुन निर्माण गर्ने काम संसद्ले गर्छ । त्यसैले संसद्मा निर्वाचित भएर जाने जनप्रतिनिधिले कानुन निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । तर, कतिपय सांसदहरू विभिन्न मुद्दामा जेल पर्दासमेत सांसद पद कायमै रहने व्यवस्था हुँदा प्रश्न उठ्दै आएको थियो । जुन विषय गम्भीर पनि थियो ।

तर, अब भने फौजदारी अपराधमा मुद्दा चलेको अवस्थामा सांसद पद स्वतः निलम्बित हुने व्यवस्था गर्न दलहरू सहमत भएका छन् । प्रतिनिधिसभा नियमावलीमा यस्तो व्यवस्था गर्ने निर्णय स्वागतयोग्य छ । यसअघि प्रतिनिधिसभा नियमावलीमा यस्तो व्यवस्था थिएन । जसकारण गम्भीर प्रकृतिका फौजदारी मुद्दामा पुर्पक्षका लागि थुनामा पुगेको अवस्थामा पनि सांसद पद निलम्बनमा पर्दैनथ्यो । संसदीय गतिविधिमा मात्रै सहभागी हुन नपाउने प्रावधान थियो ।

बुधबार प्रतिनिधिसभा नियमावली मस्यौदा समितिमा दलहरूबीच हत्या, बलात्कार, लागुऔषध, चोरी–डकैतीजस्ता फौजदारी अपराधमा मुद्दा चलेमा सांसदलाई निलम्बन गर्नुपर्ने पक्षमा सहमति जुटेको हो । यससँगै अब अदालतको आदेशअनुसार फौजदारी अभियोगमा पुर्पक्षका लागि कुनै सांसद थुनामा गए सांसद पद स्वतः निलम्बनमा पर्ने भएको छ ।

हरेक कानुन निर्माणमा दलहरूको आ–आफ्नै स्वार्थ हुन्छ । त्यसअनुकूल बनाउन दलहरूले आफ्नो अडान राख्ने गर्दछन् । यसपटक पनि दलहरूबीच सहजरूपमा सहमति जुटेको होइन । सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) अदालतबाट पुर्पक्षका लागि थुनामा पठाएको अवस्थामा सांसद पद निलम्बन हुने व्यवस्थाको पक्षमा थिए । नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा), जनमोर्चा र स्वतन्त्र सांसदहरू विरोधमा थिए ।

एमाले सांसद लक्ष्मी महतो कोइरी फौजदारी प्रकृतिमा पर्ने कर्तव्य ज्यान मुद्दामा प्रहरीको फरार सूचीमा छन् । उनलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिइसकेको छ । उनकै बचाउका लागि भए पनि सुरुमा एमाले प्रतिनिधिसभा नियमावलीको मस्यौदामा त्यस्तो व्यवस्थाको विपक्षमा थियो । नागरिक उन्मुक्तिका सांसद अरुण चौधरी ट्र्याक्टरमा आगजनी गरेको मुद्दामा थुनामा छन् । त्यही भएर नागरिक उन्मुक्ति पनि सुरुमा विरोधमा उभियो ।

बुधबारको बैठकमा कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले पुर्पक्षका लागि थुनामा गएपछि सांसदलाई निलम्बन गर्नुपर्ने प्रस्ताव बैठकमा राखे । अदालतले पुर्पक्षका लागि थुनामा पठाउने भनेको तीन वर्षभन्दा बढी सजाय हुन सक्ने मुद्दामा मात्र हो । त्यही भएको हुँदा सांसदलाई निलम्बन नगर्दा जनतामा राम्रो सन्देश नजाने उनको तर्क थियो । तर, उनको प्रस्तावमा अर्धन्यायिक निकायले थुनामा पठाउँदा भने निलम्बन गर्न नहुने पनि उल्लेख छ । अर्धन्यायिक निकाय भनेका जिल्ला प्रशासन, वन, भन्सार, सम्पत्ति शुद्धीकरणलगायत हुन् । यी निकायहरूले थुनामा पठाएको अवस्थामा भने सांसद पद कायमै हुनेगरी लेखकले बैठकमा प्रस्ताव गरे ।

कानुनविद्हरूका अनुसार हत्या, बलात्कारजस्ता अपराध भ्रष्टाचारभन्दा पनि जटिल प्रकारका फौजदारी मुद्दा हुन् । जसकारण आरोपी सांसद हिरासतमा रहेदेखि नै स्वतः निलम्बन हुने व्यवस्थाको पक्षमा कानुनविद्हरू उभिँदै आएका छन् । प्रतिनिधिसभा नियमावलीमा यो विषयलाई दलहरूले सम्बोधन गरेका छन् । यो व्यवस्था कार्यान्वयनमा ल्याउँदा सकारात्मक सन्देश प्रवाह हुनेमा शंका छैन ।

# राजनीतिक परिवर्तन र जनताका आकांक्षा



भैरव रिसाल

नेपाली राजनीतिले थुप्रै उतारचढाव पार गर्दै आएको छ । विभिन्न कालखण्डमा ठूला परिवर्तनहरू पनि भए तर त्यसको उद्देश्यअनुसार परिणाम भने आउन सकेन । राजनीति सुकिलो हुनुपर्नेमा फोहोरी बन्यो । नेताहरू निर्लोभी हुनुपर्नेमा लोभी भए । लोभी पनि औधी लोभी । नेता राजनीतिक कार्यकर्ता र जनताका लागि हुनुपर्नेमा आफू र आफन्तका लागि सीमित भए । यसले गर्दा नेताबाट जनताको विश्वास हराउँदै गयो । राजनीति नदीको पानीजस्तै सलल्ल बग्नुपर्नेमा जम्दै गयो । जमेको पानी फोहोर बन्यो । सलल्ल बगेको राजनीति चोखो हुन्थ्यो । चिसो कुरा चिसो नै हुन्छ । सक्कली भनेको सक्कली नै हो । यसमा केही जोडिरहनु पर्दैन । नक्कलीलाई जति सिंगारे पनि कहिल्यै सक्कली हुँदैन । यो ध्रुवसत्य हो । आज नेपालको राजनीति यस्तै अवस्थाबाट गुज्रँदै आएको छ ।

जनयुद्ध सुरु हुने ताका आम सर्वसाधारण, धेरै नेपालीलाई थाहा भइसकेको थियो कि राजा वा राजसंस्था चाहे त्यो संवैधानिक होस् वा प्रत्यक्ष होस् त्यसको आवश्यकता वा औचित्य छैन भन्ने भइसकेको थियो । तत्कालीन राजा प्रत्यक्ष शासन गर्ने दाउमा थिए । जबकि, राजाको प्रत्यक्ष शासनको युग समाप्त भइसकेको थियो । त्यतिबेला नै मानिस बाँधिएर बस्न चाहेका थिएनन् । जुन २० औं शताब्दीको सन्देश थियो ।

स्वतन्त्रताको स्वादिलो हावा नेपालमा वि.सं. १९८७ देखि लाग्न थालिसकेको थियो । नेपालमा खड्गमान बस्न्यातजस्ता केही युवकले उतिबेला नै राणा शासन उखेलेर राजाको शासन ल्याउन चाहेका थिए तर परिस्थिति परिपक्व हुन बाँकी नै थियो । राणाहरूको पारिवारिक एकतन्त्रीय शासनले युवा विद्रोहीलाई गिरफ्तार गरी निर्मम सजाय दिनेबाहेक राणाहरूले अन्य विकल्प देखेनन् । त्यो आन्दोलन दमन गरियो । परन्तु चेतनाको टुसो नेपाल पसिसकेको थियो । पछि त्यो टुसो मोरङमा टुसायो । कृष्णप्रसाद कोइराला पूर्वी नेपालको दुम्जामा जन्मिएका रहेछन् । बसाइँ सर्दासर्दै मोरङ पुगेछन् । विराटनगरमा बसोबास गरेछन् । औलोको खानी मोरङ विराटगर, तर औलोसँग जुधी त्यहीं बसोबास गरे ।

भारतमा पनि इस्ट इन्डिया कम्पनी सरकारले व्यापार गर्दा गर्दै अंग्रेजलाई हटाई भारतीयहरूद्वारा सरकार सञ्चालन गर्ने चेतना आएछ । भारतीयहरूद्वारा नै शासन गर्ने मनसायले अखिल भारतीय राष्ट्रिय कांग्रेस गठन गरियो । यता राणाहरूको नीति पैसा मस्त कमाउन दिने र सरकारी ठेक्का दिने थियो । काम सकिएपछि यसका कमजोरी पत्ता लगाई जरिवाना गर्ने नीति थियो । सर्वस्वहरण गर्ने उनीहरूको नीति थियो । जसले कमाएको छ सबै सर्वस्व हुन्थ्यो । त्यो सम्पत्ति श्री ३ महाराजको हुने गर्थ्यो । राणा शासनको यस्तो चंगुलमा कृष्णप्रसाद कोइराला पनि परेछन् । उनले भन्सार अड्डाको ठेक्का लिएछन् । पछि त्यसैका आधारमा उनको सर्वस्वहरण भयो ।

उनले शिक्षाको महत्त्व राम्ररी बुझेका थिए । विराटनगरमा विद्यालय खोलेर आफ्ना छोराहरू मातृका र विश्वेश्वर (विपी) लगायतलाई पढ्न लगाएका थिए । कृष्णप्रसादको सर्वस्व भएपछि नेपाल बस्न नसकी भारतमा प्रवासी बन्न पुगे । आफ्ना छोराछोरीलाई उतै पढ्ने व्यवस्था मिलाए । त्यसैबेला भारतमा स्वतन्त्रता आन्दोलन चर्किएको थियो । मातृका, विश्वेश्वर पनि भारतीय स्वतन्त्रता आन्दोलनमा भाग लिन पुगे । आन्दोलनमा उनीहरू पक्राउ परे । मनमोहन अधिकारी पनि भारतीय स्वतन्त्रता संग्राममा संलग्न भए । विपीलगायत केही व्यक्तिलाई अड्डासार गरी काठमाडौं ल्याई थुनियो । यो घटनाले पहाडमा प्रजातन्त्रको चेतना ल्यायो । यसै क्रममा कृष्णप्रसाद थुनामा परे, त्यहीं उनको मृत्यु भयो । छोराहरूले उनको काजकिरिया पनि गर्न पाएनन् ।

यसैबेला पुष्पलालले अन्तर्राष्ट्रिय कम्युनिस्ट पार्टीको घोषणापत्र नेपालीमा अनुवाद गरी छापाए । यसले नेपालमा ठूलो प्रभाव पार्‍यो र नेपाल कम्युनिस्ट पार्टीको जन्म भयो । राणा विरोधी आन्दोलन विस्तारै बढ्न थालेको थियो । सशस्त्र क्रान्ति हुने नै भयो । राजा त्रिभुवन माइला नाति ज्ञानेन्द्रलाई राजगद्दी छाडी दिल्ली गए । उनी दिल्लीमा नेहरूको घरमा बसे । भारत सरकारले भेट्न अनुमति दिएका व्यक्तिले मात्रै राजासँग भेट्न पाउँथे । राजा त्रिभुवन एक किसिमले नजरबन्दमा थिए ।

यता नेपालमा नेपाली कांग्रेसको नेतृत्वमा सशस्त्र आन्दोलन भयो । थीरबम मल्ल सहिद बने । आन्दोलन केही समय शिथिल बन्नपुग्यो । पछि फेरि हतियार ल्याएर आन्दोलनलाई सशक्त पारियो । मोहन शमशेरले ज्ञानेन्द्रको नाममा टकमरी (नाममा पैसा छाप्ने) गराएका थिए । पछि त्यो हट्यो । त्रिभुवन नेपाल आउने भएपछि मोहन शमशेरले ठूलै रकम त्रिभुवनलाई दिएका थिए भनिन्छ । राणा शासन र प्रजातन्त्र मिलाउने काममा विजय शमशेरले ठूलो भूमिका खेलेका थिए ।

प्रजातन्त्र आएपछि नेपाली जनताले आफ्ना प्रतिनिधिले छानेको विधायिका सभाको सदस्यले संविधान बनाउँछन् भनिएको थियो तर त्यसमा राजा इमान्दार रहेनछन् । राजाले चुनाव गराउन खोजेनन् । प्रधानमन्त्री टंकप्रसाद आचार्यमार्फत छिट्टै विधानसभा वा संसद्को चुनाव हुन्छ भन्न लगाए । राजाले २०१५ फागुन १ गते चुनाव हुने घोषणा गरे तर केको चुनाव हुने भन्ने प्रस्ट भनेका थिएनन् । भित्रभित्रै राजाले बेलायतका संविधानविद् सर आइभर जेनिङ्सलाई संविधान लेख्न लगाई फागुन १ गते नै संविधानको घोषणा गरे ।

एकैचोटि २०१५ फागुन ७ गतेदेखि संसद्को चुनाव सुरु भयो । मतदान विभिन्न चरणमा भयो । त्यतिबेला कांग्रेसको प्रभाव भएकाले जनताले पनि कांग्रेसलाई नै भोट दिए । झण्डै दुई तिहाइ सिट जितिन्छ भन्ने स्वयं विपीलाई पनि विश्वास थिएन भने राजालाई कुनै पार्टीले बहुमत ल्याउँछ भन्ने लागेको थिएन । राजाका नजिककाहरूले कसैले पनि बहुमत ल्याउन सक्दैन भनेर विश्वास दिलाएका थिए । विपीले पनि कांग्रेसको खास शक्ति कति हो भनी अनुमान गर्न सकेका थिएनन् ।

> मुलुकमा प्रजातन्त्र आए पनि जनतामा त्यसको अनुभूति हुन सकेन । जनता र नेताबीचको खाडल बढ्दै गयो । चुनाव लड्ने नेताहरूमा पनि प्रजातन्त्रप्रति विश्वास घट्दै जान थाल्यो । यसले गर्दा नेपालको राजनीति एकपछि अर्को विकृत हुँदै जान थाल्यो । अहिले त धेरैजसो नेताहरु नै राजनीतिबाट त्रसित बन्न थालेका छन् । अहिले पार्टी नेतालाई हेर्ने भयो वा नेताले पार्टीलाई आफ्नो अनुकूल बनाउन थाले । सत्तामा जोसुकै होस् उनीहरूका लागि राजनीति तातो पिँडालुजस्तो भएको छ । न खाउँ भने भोक लागेको छ, खाउँ भने तातो पिँडालुले पोल्छ ।

**राजनीति तातो पिँडालु बन्यो**

मुलुकमा प्रजातन्त्र आए पनि जनतामा त्यसको अनुभूति हुन सकेन । जनता र नेताबीचको खाडल बढ्दै गयो । चुनाव लड्ने नेताहरूमा पनि प्रजातन्त्रप्रति विश्वास घट्दै जान थाल्यो । यसले गर्दा नेपालको राजनीति एकपछि अर्को विकृत हुँदै जान थाल्यो । अहिले त धेरैजसो नेताहरू नै राजनीतिबाट त्रसित बन्न थालेका छन् । अहिले पार्टी नेतालाई हेर्ने भयो वा नेताले पार्टीलाई आफ्नो अनुकूल बनाउन थाले । सत्तामा जोसुकै होस् उनीहरूका लागि राजनीति तातो पिँडालुजस्तो भएको छ । न खाउँ भने भोक लागेको छ, खाउँ भने तातो पिँडालुले पोल्छ ।

राजनीतिमा इमान्दारी भएन भने त्यसको प्रतिफल विकृत आउँछ । यसैगरी राजनीति विकृत बन्दै जाने हो भने देशै बिग्रने सम्भावना छ । अहिले राजनीतिक मैदानमा मुख्यगरी प्रचण्ड, केपी ओली र देउवा मुख्य खेलाडी छन् । अझै मौका छ, यी तीन नेताले बुद्धि पुर्‍याई राजनीतिलाई सही दिशामा डोहोर्‍याउन सक्नुपर्छ । अरु पार्टीलाई जनताले पत्याएका छैनन् । देश सप्रेमा वा बिग्रेमा यसको दायित्व नेपाली जनतामा होइन, यिनै नेताहरूमा जान्छ । नेपाली जनता धेरै ज्ञानी र धैर्यशील छन् ।

**मिडियाको भूमिका महत्वपूर्ण**

राजनीतिलाई गलत बाटोमा जान नदिन मिडियाको पनि उत्तिकै भूमिका हुनुपर्छ तर यतिबेला नेपालको मिडिया अलमलमा परेकोजस्तो देखिन्छ । कतिपय मिडियाले त प्रतिगमनलाई पनि पछ्याएको देखिन्छ जुन सरासर गलत हो । प्रतिगमन कहिल्यै अग्रगमन हुन सक्दैन । वर्षौं वर्षदेखि स्वतन्त्र, स्वाधीन, स्वाभिमानी रहँदै आएको नेपाललाई आजको पुस्ताले उज्यालो बनाउनुपर्छ । यो पावन काममा नेपालको मिडियाले निःस्वार्थरूपमा निश्चित फलाकांक्षी नभई सघाउनुपर्छ । संस्थाहरू उत्तरदायी हुनु भनेको यस्तो अठ्यारोमा हो । सजिलो परिस्थितिमा त जो कोही पनि नजिक जान्छन्, असजिलोमा सहयोग गर्नु नै सिद्धान्तप्रति इमान्दारी हो, समर्पण हो ।

अन्त्यमा राजनीतिक प्रणालीलाई जनतासँग जोड्ने काममा मिडियाले अग्रणी भूमिका खेल्न सक्नुपर्छ । सरकारबाट पनि विपक्षी नहुने र राजनीतिक पार्टीहरू पनि विपक्षी नहुने आम जनता कसरी आफ्नो हुन्छन् ? भन्ने कुरामा सञ्चारमाध्यम सधैं चनाखो हुनुपर्छ । राजनीतिक प्रणाली र नेताहरूप्रति अविश्वास बढ्न नदिन र जनतामा सकारात्मक सञ्चार गराउन अभिमत निर्माण गर्न सक्नुपर्छ । *रासस*

*(लेखक वरिष्ठ पत्रकार हुन् ।)*

## मननयोग्य

### चाणक्य नीति

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो । कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन् । राजसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ–आफ्ना कर्मसँग परिचित छन् । यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ । चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जँदै एकपटक पुनः भने–'छैन कोही अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने–'छैन महामात्य ! हामीले सोच्यौं । मगधको सुखसमृद्धिका निम्ति भारत वर्ष र युनान एक हुनुपर्दछ ।' चाणक्य बुझ्दथे यही हुन्छ । उनी मनमनै खुसीको हाँसो हाँसे र भने– 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन ।'

यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो । चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए ।

चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए ।

समयको रथचक्र आफ्नो गतिले चलिरहेथ्यो । राक्षस पनि प्रतिशोध र अन्तर्ज्वालाले केही न केही उपद्रो गर्न सोच्दैरहे, तर चाणक्यका बुद्धि र कूटनीतिका अगाडि उनका कुनै पनि योजना सफल हुन पाएनन् । सायद यो नै अन्तिम कुचक्र थियो । जो चाणक्यले पहिले नै थाहा पाएका थिए । क्रमशः

## पत्र–मञ्जुषा

### राष्ट्रिय सहमति र देश विकास

मुलुकको अवस्था सबैलाई थाहै छ । दलहरूले भनेको राष्ट्रिय सहमति कस्तो हो ? राष्ट्रिय सहमति हुने हो भने राजतन्त्रवादीसँग पनि हुनुपर्दछ । राजावेगर देशमा राष्ट्रिय सहमति हुँदैन । विगतलाई हेर्दा वर्तमान अवस्था कहालीलाग्दो छ । २०४५ सालसम्म नेपालमा धान, चामल, निकासी कम्पनी थियो । अहिले आयात गर्ने कम्पनी भयो । देश दिनानुदिन ओरालो लाग्दो अवस्थामा छ । जनताले गरिखाने ठाउँ छैन ।

२०४५ सालअघि काठमाडौंको टोलटोलमा गलैंचा कारखाना थिए । ती उद्योगहरूमा सबै नेपालीले काम गर्न पाएका थिए । यतिबेला रोजगारी नपाएर लाखौं लाख युवा विदेशिनुपरिरहेको छ । यो अवस्थामा नेपालीले नेपालमै रोजगारी पाउने अवस्था निर्माण गर्नुपर्दछ । देश सबैको साझा हो, यहाँ सबैपक्ष अटाउनुपर्छ । सबै नेपाली हाँसेर बस्न पाउने अवस्था सिर्जना गर्नुपर्छ । तर, राजनीतिका नाममा हामी छलछाममा मात्र लाग्ने हो भने, यो देश कसरी बन्छ । त्यसैले देश बनाउन सबै जनता मिल्नु जरुरी छ ।

निर्वाचन भनेको राजनीतिभन्दा पैसाको विषय भएको छ, राजनीति सबै पैसामा गयो, पैसामा जाने राजनीतिमा के कुरा गर्नु । हुन त नेपालमा ८२ प्रतिशत हिन्दू छन्, तर भोट हाल्न जाने बेलामा धर्मनिरपेक्षतामा भोट जान्छ । त्यसले जनता नै भनाइ गराइमा फरक छ । मन्दिरमा ढोग्छन्, तर त्यही मन्दिरभित्रका देवतालाई चिन्दैनन्, देवता त सबैका लागि हो । त्यसैले हामीले हिन्दू धर्मसँगै राजसंस्था पुनःस्थापित गर्नुपर्छ । राजाविनाको देश विकास सम्भव छैन । धर्मविनाको राज्य के राज्य ? त्यसले धर्म र राजसंस्था अपरिहार्य बनेको हो । यसै मेसोमा भन्नुपर्दा कांग्रेस–एमालेको गतिविधि आ–आफ्नो स्वार्थमा छ, देश र जनताको हितमा हुनुपर्छ । उनीहरू पनि जनताकै आदेशअनुसार चल्नुपर्छ ।

राप्रपाले सडक र सदनबाट हाम्रो आवाज उठाउँदैछ, ढिलोचाँडो हाम्रो एजेण्डा स्थापित हुनेछ । तर, हामीले हाम्रो अभियान कायम राख्नुपर्छ । यस्तै मुखले भ्रष्टाचार गर्दिनँ भन्छन् तर उनीहरूले भ्रष्टाचार गरिरहेका छन् भ्रष्टाचार नियन्त्रणबाट मात्र देश विकास बन्छ । जनतालाई समृद्ध बनाउने हो भने पहिले भ्रष्टाचार नियन्त्रण गर्नैपर्छ ।

यसैगरी राप्रपा सरकारमा छ, यो गठबन्धन कति दिन कायम रहला र यो गठबन्धनमा किन भएको भन्दा राप्रपाको एजेण्डा स्थापित गर्न गएको हो । एजेण्डा पूरा नभए राप्रपा सरकारबाट बाहिर आउनेछ । त्यसैले देशवासीलाई सन्देश दिनुपर्दा देशमा महँगी भ्रष्टाचारले सबै जनता दुःखी छन् । अहिले पीडित, बुद्धिजीवी, विद्यार्थी, नागरिक, अगुवाहरू पनि सडकमा आउनुपर्छ ।

**–गोकर्णराज सिटौला,** *सल्लाहकार राप्रपा*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारवाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# एक महिनामै भित्रिए ४२ देशका पर्यटक



**मनाङ–** हिमाली जिल्ला मनाङमा यस वर्षको हिउँदमा हिउँ नपरे पनि पर्यटकको आवगमन भइरहेको छ । हिउँदमा हिमपातमा रमाउने पर्यटकको यस वर्ष हिउँ नपरे पनि आवागमन भने रोकिएन ।

सन् २०२३ को सुरुआतमा नै ४२ देशका पर्यटक मनाङ भित्रिएका हुन् । जनवरीमा ४२ देशका ३१८ नागरिकले मनाङ भ्रमण गरेको तथ्यांक रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालयका प्रमुख लेखनाथ गौतमले जानकारी दिए ।

उनका अनुसार जनवरीमा सबैभन्दा बढी कोरियाका ६९ नागरिक मनाङ भ्रमणका लागि आएको तथ्यांक छ । 'विशेषगरी हिउँदमा यहाँ चिसो र हिमपात हुन्छ तर यसवर्ष हिउँ परेन, हिउँदमा हिउँ खेल्न पर्यटक आउने हो, हिउँ नपरे पनि झन् विदेशी पर्यटक बढेका छन्,' प्रमुख गौतमले भने । नयाँ वर्षको योजना बनाएर कोरियाका पर्यटक मनाङ भ्रमणमा आएका थिए । उनीहरूले यहाँको भन्दा बढी चिसोमा बसिरहेका हुनाले हिउँदमा त्यहाँका पर्यटक बढी आउने गरेको उनले बताए । हिमपात नहुँदा थोराङ्ला भञ्ज्याङ कट्ने, तिलिचो काललगायत विभिन्न स्थानमा पुग्ने पर्यटक वर्षको पहिलो महिनामा बढी भित्रिएका थिए ।

त्यस्तै फ्रान्सका ३६, अस्ट्रेलियाका ३४, बेलायतका २१, जर्मनका २१, अमेरिकाका १५, बेल्जियमका १३, भारतका १२ र नेदरल्याण्ड्सका १० पर्यटक भित्रिएका र अन्य देशबाट भने अलि कम पर्यटक भित्रिएको प्रमुख गौतमको भनाइ थियो ।

'चिसोका कारण प्रायजसो समूहमा आएका विदेशी पर्यटकलाई मात्र तिलिचो ताल र थोरांला भएर जान अनुमति दिएका छौं । हिउँ नपर्दा सुक्खापन बढेको छ । यसले कृषि बालीमासमेत समस्या हुने देखिएको छ,' उनले भने, 'यस वर्ष मनाङमा हिमपात हुने स्थिति देखिएको छैन ।' हिमपात भएमा हिउँ पहिरो आउन सक्ने भएकाले पूर्णरूपमा यात्रा रोकिन्छ तर यसपटक हिमपात नभएकाले पर्यटकलाई आवश्यक सतर्कता अपनाएर जान दिइएको प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेल खनालले जानकारी दिइन् ।

यात्राको जोखिम हेरेर पर्यटकले सम्बन्धित निकायसँग सहकार्य र समन्वयमा यात्रा गर्न सुझावसहित पदयात्रामा जान दिइएको उनको भनाइ थियो । यस वर्ष हिमपात नहुँदा मनाङमा हिउँ खेल्ने आन्तरिक पर्यटक भने भित्रिन सकेका छैनन् । हिमपात भएको अवस्थामा भने आन्तरिक पर्यटक हिउँ खेल्न र हिउँ छुनकै लागि मनाङ आउने गर्दथे ।

